आज मिति २०७८/१/२२ गते नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा बसेको कोभिड सहजीकरणको बैठकले गरेको सिफारिसका आधारमा माननीय उपप्रधानमन्त्रीको अध्यक्षतामा बसेको बैठकले निर्देश गरे अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नेपाल सरकारले समय समयमा गरेको आदेश र सम्माननीय प्रधानमन्त्रीले २०७८/०१/२० गते गर्नु भएको सम्बोधनको कार्यान्वयनका सम्बन्धमा देहायअनुसार कार्ययोजना तयार गरिएको छ।

| निर्णय | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा |
|---|---|---|---|
| अस्पतालहरूको क्षमता, बिरामी सङ्ख्या, उपचारको प्रकृति, आइसीयु शय्या र भौगोलिक सन्तुलनका आधारमा मापदण्ड बनाई बैशाख २४ गतेभित्र ती अस्पतालहरूलाई आवश्यक पर्ने अक्सिजन सिलिण्डरको सङ्ख्या निर्धारण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | २०७८ बैशाख २४ |
| स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्धारण गरेको सङ्ख्या अनुसार अक्सिजन आपूर्ति गर्न अक्सिजन उद्योग र अस्पतालबीच सम्बन्ध स्थापित गर्ने, आवश्यकता अनुसार अस्पतालहरूलाई अक्सिजन उद्योग डेडिकेटेड गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | | |
| अस्पतालहरूमा रहेका अक्सिजन प्लाण्टहरू आवश्यक मर्मतसम्भार गरी सञ्चालनमा ल्याउने। | सम्बन्धित अस्पताल | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७८ बैशाख २४ |
| सरकारी अस्पतालहरूमा रहेका अक्सिजन प्लाण्ट मर्मतसम्भारका लागि आवश्यक स्रोत उपलब्ध गराउने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, अर्थ मन्त्रालय | | आवश्यकताअनुसार |
| आवश्यकताभन्दा बढी अक्सिजन सिलिण्डर होल्ड गर्ने अस्पताल, व्यक्ति वा अन्य संघसंस्थाबाट अक्सिजन सिलिण्डर नियन्त्रणमा लिई स्वास्थ्य | सिसिएमसीसँग समन्वय गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २०७८ बैशाख २४ |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

मुख्य सचिव

आज मिति २०७८/१/२२ गते नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा बसेको कोभिड सहजीकरणको बैठकले गरेको सिफारिसका आधारमा माननीय उपप्रधानमन्त्रीको अध्यक्षतामा बसेको बैठकले निर्देश गरे अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नेपाल सरकारले समय समयमा गरेको आदेश र सम्माननीय प्रधानमन्त्रीले २०७८/०१/२० गते गर्नु भएको सम्बोधनको कार्यान्वयनका सम्बन्धमा देहायअनुसार कार्ययोजना तयार गरिएको छ।

| निर्णय | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा |
|---|---|---|---|
| अस्पतालहरूको क्षमता, बिरामी सङ्ख्या, उपचारको प्रकृति, आइसीयु शय्या र भौगोलिक सन्तुलनका आधारमा मापदण्ड बनाई बैशाख २४ गतेभित्र ती अस्पतालहरूलाई आवश्यक पर्ने अक्सिजन सिलिण्डरको सङ्ख्या निर्धारण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | २०७८ बैशाख २४ |
| स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्धारण गरेको सङ्ख्या अनुसार अक्सिजन आपूर्ति गर्न अक्सिजन उद्योग र अस्पतालबीच सम्बन्ध स्थापित गर्ने, आवश्यकता अनुसार अस्पतालहरूलाई अक्सिजन उद्योग डेडिकेटेड गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | | |
| अस्पतालहरूमा रहेका अक्सिजन प्लाण्टहरू आवश्यक मर्मतसम्भार गरी सञ्चालनमा ल्याउने। | सम्बन्धित अस्पताल | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७८ बैशाख २४ |
| सरकारी अस्पतालहरूमा रहेका अक्सिजन प्लाण्ट मर्मतसम्भारका लागि आवश्यक स्रोत उपलब्ध गराउने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, अर्थ मन्त्रालय | | आवश्यकताअनुसार |
| आवश्यकताभन्दा बढी अक्सिजन सिलिण्डर होल्ड गर्ने अस्पताल, व्यक्ति वा अन्य संघसंस्थाबाट अक्सिजन सिलिण्डर नियन्त्रणमा लिई स्वास्थ्य | सिसिएमसीसँग समन्वय गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २०७८ बैशाख २४ |

मुख्य सचिव

| | | | |
|---|---|---|---|
| तथा जनसङ्ख्या मन्त्रालयले निर्धारण गरेको सङ्ख्या अनुसार कोभिड अस्पतालहरूमा उपलब्ध गराउने। | | | |
| देशभरका अक्सिजन उद्योगहरूको अनुगमन गरी पूर्ण क्षमतामा सञ्चालन गर्ने गराउने व्यवस्था मिलाउने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | | २०७८ वैशाख २३ |
| अक्सिजन उद्योगहरूमा विद्युत तथा खानेपानीको नियमित आपूर्ति गर्ने। | सिँचाइ, ऊर्जा तथा जलस्रोत मन्त्रालय र खानेपानी मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर |
| उद्योग तथा निर्माण क्षेत्रमा रहेका अक्सिजन सिलिण्डर सम्वन्धित अक्सिजन उद्योगमा फिर्ता गराउने। | गृह मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७८ वैशाख २४ |
| भारतबाट लिक्विड अक्सिजन आयात गर्न तुरुन्त कुटनीतिक पहल गर्ने। | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | तत्काल |
| कोभिड अस्पतालहरूमा भएको कुल शय्या सङ्ख्या, भरिएका र खाली शय्याको सङ्ख्यासम्बन्धी वास्तविक समय (Real time) को विवरण तत्काल उपलब्ध हुने गरी केन्द्रीय सूचना प्रणाली स्थापना गर्ने। यसमा प्राप्त विवरण स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आफ्नो वेबसाइटमा राखी सर्वसाधारणले कुन अस्पतालमा कुन समयमा कति शय्या उपलब्ध छ तत्काल हेर्न र आवश्यक परेमा बिरामी लैजान सक्ने व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, कोभिड अस्पतालहरू | २०७८ वैशाख २३ देखि शुरु गरी निरन्तर |
| वीर अस्पतालको नयाँ भवनका साथै खरिपाटी, इचङ्गु र दहचोकमा भएका संरचनाहरूलाई आइसीयु बेडसहितको कोभिड अस्पतालमा रुपान्तरित गरी सञ्चालनमा ल्याउने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाली सेना | अर्थ मन्त्रालय, शहरी विकास मन्त्रालय | २०७८ वैशाख २५ |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

मुख्य सचिव

| | | | |
|---|---|---|---|
| सबै कोभिड अस्पतालहरूमा High Flow Oxygen Bed को व्यवस्था गर्ने | कोभिड अस्पतालहरू | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | तत्काल शुरु गरी निरन्तर |
| कोभिड अस्पताल निर्माण र सञ्चालनमा सहयोग नगर्नेलाई सङ्क्रामक रोग ऐन, २०२० अनुसार सम्बन्धित पदाधिकारीलाई कारवाही गर्ने र त्यस्ता अस्पताल तत्काल सञ्चालनमा ल्याउने। | गृह मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | तुरुन्त शुरु गरी निरन्तर |
| चीन सरकारबाट अनुदानस्वरूप प्राप्त हुने २० हजार अक्सिजन सिलिण्डरमध्ये ढुवानी लगायतका सम्पूर्ण तयारी पूरा गरी पहिलो लट ल्याउने। | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २०७८ बैशाख ३१ |
| दैनिक अनुगमन गरी औषधी, सिलिण्डर र अस्पतालको शुल्कमा कालोबजारी, मूल्यवृद्धि गर्नेलाई तुरुन्त कारवाहीको दायरामा ल्याउने। | गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २०७८ बैशाख २२ देखि निरन्तर |
| कसैले गलत, भ्रामक र त्रास फैलाउने खालका सूचना प्रसारित नगरी कोभिड-१९ विरुद्ध जनचेतना जगाउने खालका सूचनाहरू प्रसारित गर्ने व्यवस्था मिलाउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रेस काउन्सिल | २०७८ बैशाख २२ देखि निरन्तर |
| आमजनतालाई हतोत्साही बनाउने गरी कुनै पनि सूचना प्रवाह नगर्ने। | सबै सरकारी निकाय | सबै सञ्चारमाध्यम | २०७८ बैशाख २२ देखि निरन्तर |
| गाँउटोलमा दैनिक निसङ्क्रमण गर्ने व्यवस्था मिलाउने। | स्थानीय तह | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७८ बैशाख २३ देखि निरन्तर |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

मुख्य सचिव

| | | | |
|---|---|---|---|
| निषेधाज्ञा जारी भएका जिल्लाहरूमा निषेधाज्ञाको पूर्ण परिपालना गर्न गराउन कडाइ गर्ने। | गृह मन्त्रालय | सबै सरकारी निकाय | २०७८ बैशाख २२ देखि निरन्तर |
| कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नेपाल सरकारबाट समयसमयमा भएका आदेश र सम्माननीय प्रधानमन्त्रीले दिनुभएको निर्देशनको कार्यान्वयनको प्रगतिका सम्बन्धमा जिम्मेवार सम्पर्क व्यक्ति तोक्ने। | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय, संस्कृति, परराष्ट्र मन्त्रालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सिसिएमसी | | २०७८ बैशाख २२ |
| कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नेपाल सरकारबाट समयसमयमा भएका आदेश र सम्माननीय प्रधानमन्त्रीले गर्नुभएको सम्बोधनमा उल्लेखित निर्देशनहरूको कार्यान्वयनको दैनिक प्रगतिका सम्बन्धमा प्रत्येक दिन ५ बजे प्रेस विज्ञप्ति जारी गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय, संस्कृति, परराष्ट्र मन्त्रालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सिसिएमसी | २०७८ बैशाख २२ देखि निरन्तर |

मुख्य सचिव